# विश्वशान्ति चिरन मिलन क्याम्पस

# रोजगार तथा परामर्श निर्देशिका

# २०७९

काठमाडौं महानगरपालिका वडा नं. ३
बाँसबारी, काठमाडौं
सम्पर्क नं. ०१४०१७०१५
इमेल : bishwashanticampus2018@gmail.com
Web : WWW. Bishwashanticampus.edu.np

# विश्वशान्ति चिरन मिलन क्याम्पस

## रोजगार तथा परामर्श निर्देशिका २०७९

## Employment and Counseling Cell (ECC)

प्रस्तावना

यस क्याम्पसमा अध्ययनरत विद्यार्थी तथा पूर्व विद्यार्थीहरुले रोजगारी गर्न चाहेमा वा स्वरोजगार हुने कुनै किसिमको काम गर्ने उदेश्यले क्याम्पससँग सल्लाह माग्न आएमा त्यस्ता विद्यार्थीहरुलाई रोजगारी खोज्नमा सहयोग पुर्याउने वा स्वरोजगार बन्न कस्ता किसिमका उद्यम वा व्यवसाय गर्ने भन्ने कुरामा विद्यार्थीलाई सरसल्लाह दिई विद्यार्थीको जीवनयापनमा सहजीकरण गर्न वाञ्छनीय भएकाले विश्वशान्ति चिरन मिलन क्याम्पस विधान २०७९ को दफा १० मा उल्लेख भएबमोजिम रोजगार तथा परामर्श निर्देशिका २०७९ लागु गरिएको छ ।

१. परिभाषा

**निर्देशिका** : भन्नाले रोजगार तथा परामर्श निर्देशिका २०७९ भन्ने बुझिन्छ ।

**सञ्चालक समिति** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पस सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

**क्याम्पस प्रमुख** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पसको क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

**सहायक क्याम्पस प्रमुख** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पसको सहायक क्याम्पस प्रमुखलाई जनाउने छ ।

**कार्यक्रम संयोजक** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पसको कार्यक्रम संयोजकलाई जनाउने छ ।

**प्राध्यापक** : भन्नाले विश्वशान्तिको चिरन मिलन क्याम्पसका प्राध्यापकलाई जनाउने छ ।

**कर्मचारी** : भन्नाले यस क्याम्पसमा कार्यरत सम्पूर्ण कर्मचारीलाई जनाउने छ ।

**विद्यार्थी** : भन्नाले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई जनाउने छ.।

**पूर्व विद्यार्थी** : भन्नाले यस क्याम्पसमा भर्ना भई आफ्नो अध्ययन पूरा गरिसकेका वा आंशिक परीक्षा दिन बाँकी रही पढ्न छोडेका विद्यार्थीहरूलाई सम्झनु पर्दछ ।

**सल्लाहकार** : भन्नाले क्याम्पस सञ्चालन निर्देशिका २०७९ द्वारा निर्दिष्ट विभिन्न समितिका सल्लाहकारलाई सम्झनु पर्दछ ।

**अभिभावक** : भन्नाले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूका आफ्ना आमाबुबा तथा उनीहरूलाई संरक्षण दिने व्यक्तिलाई जनाउने छ ।

**ECC**: रोजागार तथा परामर्श सम्बन्धि कार्यलाई व्यवस्थित गर्न बनेको रोजगार तथा परामर्श निर्देशिका २०७९ समिति भन्ने बुझ्नु पर्दछ ।

**समिति** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पस रोजगार तथा परामर्श निर्देशिका २०७९ समिति भन्ने बुझ्नु पर्दछ ।

**संयोजक** : भन्नाले विश्वशान्ति चिरन मिलन क्याम्पस रोजगार तथा परामर्श समितिको संयोजक भन्ने बुझ्नुपर्दछ ।

**२.गठन प्रक्रिया**

क) यस समितिको गठन आन्तरीक गुणस्तर शुनिश्चितता समिति (IQAC) ले गर्ने छ ।

ख) यस समितिमा संयोजकसहित न्यूनतम ३ सदस्य रहने छन् ।

१) आन्तरीक गुणस्तर शुनिश्चितता समिति (IQAC) ले तोकेको संयोजक एक

२) प्राध्यापकहरु मध्येबाट सदस्य एक

३) विद्यार्थी मध्येबाट सदस्य एक

**३. सदस्यको पदावधि :**
यस समितिका पदाधिकारी तथा सदस्यहरूको समयावधि २ वर्षको हुने छ।

**४. पद रिक्तता :**
समितिका सदस्य तथा पदाधिकारीहरूको पद देहायको अवस्थामा रिक्त हुनेछ :
क) आफ्नो पदबाट लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा।
ख) क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा।
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।
घ) पदावधि पूरा भएमा।
ङ) सदस्य/पदाधिकारीको मृत्यु भएमा।

**६. उद्देश्य**
क. अध्ययनरत तथा पूर्व विद्यार्थीहरुलाई रोजगारी खोज्न सहयोग पुर्‍याउने।
ख. अध्ययनरत तथा पूर्व विद्यार्थीहरुलाई नयाँ उद्यम तथा व्यवसाय गरी स्वरोजगार बन्न तथा नयाँ रोजगारीको सिर्जना गर्न सहयोग पुर्‍याउने।
ग. विद्यार्थीहरुलाई सहज जीवनयापनमा मद्दत पुर्‍याउने।
घ. विद्यार्थीहरुको आर्थिक समाजिक स्तर उकास्न मद्दत पुर्‍याउने।
ङ. रोजगारदाता कम्पनीसँग समन्वय गरी विद्यार्थी र रोजगारदातावीच भेट गराइदिने।

**७. काम, कर्तव्य र अधिकार**
क. आर्थिक अवस्था कमजोर भएका बिना रोजगार अध्ययनलाई निरन्तरता दिन नसक्ने विद्यार्थीहरुको पहिचाहन गरी उनीहरुलाई रोजागरी दिलाउने काममा समन्वयन गर्ने।
ख. विद्यार्थीहरुलाई पायक पर्ने स्थानका संभावित रोजगारदाताको पहिचाहन गरी सभाब्यता अध्ययन गर्ने ।
ग. रोजगार चाहेका विद्यार्थीहरुको विवरण संकलन तथा अद्यावधिक गर्ने।
घ. रोजगारी दिन सक्ने संभावित क्षेत्रका सरोकारवालासँग आवश्यक समन्वय गर्ने।
ङ. रोजगार तथा परामर्श सम्बन्धमा कुनै समस्या भएमा छोटो प्रतिवेदनसहित सञ्चालक समितिमा पेस गर्ने।
च. रोजगार तथा परामर्शलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशाशन, प्राध्यापक, कर्मचारी वा आवश्यक परेमा संचालक समिति समेतसँग समन्वय गर्ने।
छ. समितिले गरेका सम्पूर्ण कार्यहरूको अभिलेखीकरण गर्ने।
ज. समितिको वार्षिक प्रतिवेदन तयार पारी प्रशासन समक्ष बुझाउने।
झ. सम्बन्धित अन्य विभाग सँग समन्वय गर्ने।
ञ. रोजगारदाता कम्पनी तथा संघ संस्था सँग सम्झौता गर्ने।

**९.विविध**
क. रोजगार तथा परामर्श निर्देशिका बनाई संचालक समितिबाट स्वीकृत गराई लागू गर्न सकिनेछ।
ख. यो निर्देशिका मा उल्लेख भएका कुराहरु विधानसँग बाझिएको हकमा स्वत खारेज हुनेछ।